**सांग्रिला डेभलपमेन्ट बैंक लि.**
**Shangri-la Development Bank Ltd.**
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

**केन्द्रीय कार्यालय**
बालुवाटार, काठमाडौं,
फोन: ०१-४४२१८६१/४४२१८६२

# चौधौं वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस बैंकको सञ्चालक समितिको मिति २०७५/०९/०८ गते (तदनुसार २३ डिसेम्बर २०१८) आईतबार अपरान्ह ४:३० बजे बसेको २२२ औं बैठकको निर्णयानुसार यस बैंकको चौधौ वार्षिक साधारण सभा देहायका विषयहरूमा छलफल गर्न निम्न मिति, स्थान र समयमा बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिको लागि अनुरोध गर्दछु ।

| | |
|---|---|
| **सभा हुने मिति** | : २०७५ साल पौष ३० गते (तदनुसार १४ जनवरी २०१९), सोमबार । |
| **स्थान** | : अमृतभोग, कालिकास्थान, काठमाडौं । |
| **सभा सुरु हुने समय** | : बिहान ९:३० बजे । |

**छलफलको विषयसूची :**

**(क) साधारण प्रस्तावहरु :**

(१) आर्थिक वर्ष २०७४/०७५ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने बारे ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित मिति २०७५ आषाढ मसान्तको वासलात तथा आर्थिक वर्ष २०७४/०७५ को नाफा नोक्सान हिसाब र सोही अवधिको नाफा-नोक्सान बाँडफाँड तथा नगद प्रवाह विवरण लगायत सम्पूर्ण वित्तीय विवरणहरू छलफल गरी पारित गर्ने बारे ।

(३) आर्थिक वर्ष २०७५/०७६ को लागि बैंकको लेखापरीक्षण कार्यको लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक अनुमोदन गर्ने सम्बन्धमा । (बर्तमान लेखापरीक्षक श्याम कार्की एण्ड कम्पनी, चार्टड एकाउन्टेन्ट्स् पुनः नियुक्त हुन योग्य हुनुहुन्छ ।)

(४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजी रु. २,५०,६३,८५,०००/- को ५.४५ प्रतिशत (कर प्रयोजन सहित) नगद लाभांश स्वीकृत गर्ने ।

(५) संस्थापक एवं सर्वसाधारण शेयरधनीका तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ३/३ जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

**(ख) विशेष प्रस्तावहरु :**

(१) बैकको सञ्चालक समितिले प्रस्ताव गरे अनुसार १४ औं साधारण सभाद्धारा पारित चुक्ता पूँजी रु. २,५०,६३,८५,०००/- को ४ प्रतिशतले हुने रकम रु. १०,०२,५५,४००/– (अक्षरेपी दश करोड दुई लाख पचपन्न हजार चार सय मात्र) बराबरको बोनस शेयर शेयरधनीहरुलाई वितरण गर्न स्वीकृत गर्ने ।

(२) विशेष प्रस्ताव (१) अनुसार बोनस शेयर पारित हुँदा पूँजीमा हुने परिवर्तन अनुरुप बैंकको जारी तथा चुक्ता पूँजी वृद्धि गर्ने । (प्रस्तावित बोनस शेयर रु. १०,०२,५५,४००/– (अक्षरेपी दश करोड दुई लाख पचपन्न हजार चार सय मात्र) जारी गरे पश्चात जारी पूँजी र चुक्ता पूँजी वृद्धि भई क्रमशः रु. २,६०,६६,४०,४००/- (अक्षेरेपी दुई अरब साठी करोड छैसठ्ठी लाख चालीस हजार चार सय मात्र) पुग्ने)।

(३) माथि उल्लेखित विशेष प्रस्तावहरु (१) र (२) पारित गरी विकास बैंकको प्रबन्धपत्रमा आवश्यक संशोधन गर्ने सम्बन्धी प्रस्ताव उपर छलफल गरी पारित गर्ने (संलग्न तीन महले बमोजिम) ।

(४) नेपाल राष्ट्र बैंक वा अन्य नियमनकारी निकायद्धारा यस साधारण सभाबाट पारित भएको निर्णयहरुको आधारमा प्रबन्धपत्रको संशोधन सम्बन्धमा कुनै निर्देशन सुझाव भई थपघट गर्न आवश्यक भएमा सञ्चालक समितिलाई थपघट परिमार्जन गर्न अख्तियारी प्रदान गर्ने ।

(५) यस बिकास बैंक र अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने र प्राप्ति गर्ने गराउने वा विदेशी रणनीतिक साझेदार भित्राउने तथा सो सम्बन्धमा सहमतीपत्रमा हस्ताक्षर गर्ने, चल अचल सम्पत्ती, दायित्व तथा कारोवारको मूल्यांकन गर्ने मूल्यांकनकर्ता नियुक्त गर्ने तथा निजको पारिश्रमिक तोक्ने, सम्पत्ती र दायित्व मुल्याङ्कन प्रतिवेदन अनुमोदन गर्ने, गाभ्ने/गाभिने, प्राप्ति गर्ने गराउने वा विदेशी रणनीतिक साझेदार भित्राउने सम्बन्धी सम्झौता गर्ने तथा सो सम्बन्धमा अन्य आवश्यक निर्णयहरु लिई सम्पूर्ण प्रकृया पुरा गर्न सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।

**(ग) विविध ।**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

## चौधौं वार्षिक साधारण सभा सम्बन्धी जानकारी

१. चौधौ वार्षिक साधारण सभा, सो सभामा पेश हुने ४ प्रतिशत बोनस शेयर तथा ५.४५ प्रतिशत नगद लाभांस (कर प्रयोजन सहित) प्रयोजनका लागि विकास बैंकको शेयर दाखिल खारेज (शेयर दर्ता किताब) मिति २०७५/०९/१७ गते देखि मिति २०७५/०९/३० गतेसम्म बन्द रहने छ । साथै मिति २०७५/०९/१६ गतेसम्म नेपाल धितोपत्र विनिमय बजार लिमिटेडमा कारोवार भई ७ कार्यदिन अर्थात मिति २०७५/०९/२४ गतेसम्म यस विकास बैंकको शेयर रजिष्ट्रार एनआईबिएल एस क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौमा शेयर दाखिल खारेजका लागि प्राप्त भई दाखिल खारेज भई कायम शेयरधनीहरुलाई साधारण सभामा भाग लिन, ४ प्रतिशत वोनस शेयर तथा ५.४५ प्रतिशत नगद लाभांश (कर प्रयोजन सहित) प्रदान गरिने छ ।

२. सभामा उपस्थित हुने शेयरधनीहरुले सभा सम्बन्धी सूचना साथ प्रेषित प्रबेशपत्र साथमा लिई आउनु पर्नेछ, प्रवेशपत्र प्राप्त नगर्नु भएका शेयरधनी महानुभावहरुले विकास बैंकको केन्द्रीय कार्यालयबाट प्राप्त गर्न सक्नु हुनेछ वा बैंकको आधिकारिक वेबसाईट www.shangrilabank.com बाट डाउनलोड गर्न सकिनेछ ।

३. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रोक्सी फारम भरी सभा सुरु हुने भनी तोकिएको समय भन्दा कम्तिमा ४८ घण्टा अगावै कारोवार समयभित्र विकास बैंकको केन्द्रीय कार्यालयमा दर्ता गरी सक्नुपर्नेछ । यसरी नियुक्त गरिएको प्रतिनिधि विकास बैंकको शेयरधनी हुनुपर्नेछ । त्यसरी प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्को प्रतिनिधि मुकरर गरी सभा शुरु हुने भनी तोकिएको समय भन्दा कम्तिमा ४८ घण्टा अगावै विकास बैंकको केन्द्रीय कार्यालयमा कारोवार समय भित्र दर्ता गरेमा वा आफू स्वयं साधारण सभामा उपस्थित हुन आएमा त्यस्तो शेयरधनीले गरिदिएको अघिल्लो प्रोक्सी स्वतः बदर हुनेछ । कुनै शेयरधनीले एकभन्दा बढी शेयरधनीलाई प्रतिनिधि नियुक्त गरेको रहेछ भने निज स्वयंले अन्य बदर गरी एउटा कायम गरेको अवस्थामा बाहेक त्यस्ता सबै प्रतिनिधि पत्रहरु स्वतः बदर हुनेछ । प्रतिनिधि मुकरर गर्दा आफ्नो सम्पूर्ण शेयरको प्रतिनिधि एउटै व्यक्तिलाई नियुक्त गर्नुपर्छ, कुनै किसिमबाट छुट्याई दिएमा उक्त प्रोक्सी बदर गरिनेछ । यस सम्बन्धमा साधारण सभामा विवाद गर्न पाईने छैन ।

४. संयुक्त रुपमा शेयर ग्रहण गर्ने शेयरधनीहरुको हकमा साझेदारहरुद्वारा नियुक्त साझेदारले वा निजले नियुक्त गरेको प्रतिनिधिले र सो बमोजिम नियुक्त हुन नसकेकोमा शेयरधनीहरुको दर्ता किताबमा नाम क्रमानुसार अघि लेखिएको साझेदारले मात्र सभामा भाग लिन छलफल गर्न र मतदान गर्न पाउनेछ ।

५. नाबालक वा मानसिक सन्तुलन ठिक नभएका शेयरधनीको तर्फबाट कम्पनीको शेयरधनी दर्ता किताबमा संरक्षकको रुपमा दर्ता भएको संरक्षकले वा संरक्षकले नियुक्त गरेको प्रतिनिधिले सभामा भाग लिन तथा मतदान गर्न पाउनेछ ।

६. संगठित संस्था वा कम्पनी शेयरधनी भएकोमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले सभामा भाग लिन र मतदान गर्न पाउनेछन् ।

७. विविध शिर्षक अन्तर्गत छलफल गर्न चाहने शेयरधनीले छलफल गर्न चाहेको विषय सभा हुनु भन्दा ७ दिन अगावै लिखित रुपमा अध्यक्ष समक्ष पेश गर्नुपर्नेछ । तर त्यसलाई पारित गरिनु पर्ने प्रस्तावको रुपमा राखिने छैन ।

८. साधारण सभाको काम कारवाहीहरु कम्पनी ऐन, २०६३ बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, विकास बैंकको प्रबन्धपत्र, नियमावली बमोजिम हुनेछन् ।

९. संस्थापक समुह तथा सर्वसाधारण समुहका शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ३/३ जना गरि जम्मा ६ जना सञ्चालकहरुको निर्वाचनका सम्बन्धमा निर्वाचन अधिकृतले तोके बमोजिमको निर्वाचन सम्बन्धी कार्यक्रमको सूचना विकास बैंकको प्रधान कार्यालय, बालुवाटार, काठमाडौंको सूचना पाटीमा टाँस गरिनेछ । निर्वाचन सम्बन्धी आवश्यक सम्पूर्ण जानकारी विकास बैंकको केन्द्रीय कार्यालय, बालुवाटार, काठमाडौंमा रहेको निर्वाचन अधिकृतको कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

१०. साधारण सभा सम्बन्धी थप जानकारी विकास बैंकको केन्द्रीय कार्यालय बालुवाटार काठमाडौंबाट कार्यालय समयभित्र प्राप्त गर्न सकिनेछ ।

प.लि.द.नं. ८७१/०६०/०६१, ने.रा.बै.इ.प.नं. 'ख'/१९/०६२/०६३

# सांग्रिला डेभलपमेन्ट बैंक लि.
# Shangri-la Development Bank Ltd.

स्थानिय विकासको आधार

(सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडले कसमस डेभलपमेन्ट बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गरेको)

**Central Office**
P.O.Box: 20200, KMC-4, Baluwatar, Kathmandu
Tel: 01-4421861, 4421862, 4421863, 4422864
Fax No.: 01-4421766, 4421767
URL: www.shangrilabank.com
E-mail: info@shangrilabank.com

सां.डे.बैं. च.नं. /२०७५/७६/ 662

Shangri-la Development Bank Ltd. Kathmandu, Nepal

मिति: २०७५/०९/०९

श्री नेपाल स्टक एक्सचेन्ज लि.
सिंह दरवार प्लाजा, काठमाण्डौं,
नेपाल।

विषयः **जानकारी गराईएको सम्बन्धमा।**

महोदय,

उपरोक्त सम्बन्धमा यस सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडको मिति २०७५/०९/०४ गते बुधबार बिहान ८:०० बजे बसेको संचालक समितिको २२१ औं बैंठकले आ.ब. ०७४/०७५ को साधारण सभा प्रयोजनको लागि बार्षिक बित्तीय विवरण प्रकाशन गर्न तथा लाभांश वितरणको अन्तिम स्वीकृतीको लागि नेपाल राष्ट्र बैंक समक्ष पेश गरिएकोमा हाल नेपाल राष्ट्र बैंकबाट उक्त बित्तीय विवरणमा केही **परिमार्जन** गरि अन्तिम स्वीकृती प्रदान गरिएको हुदां उक्त परिमार्जित बित्तीय विवरणका आधारमा नाफा/नोक्सान बाँडफाँड हिसाब तथा अन्य वितरण योग्य कोषबाट आफ्ना शेयरधनीहरुलाई चुक्ता पूंजी रु.२,५०,६३,८५,०००/- को ४ प्रतिशतले हुन आउने रकम रु. १०,०२,५५,४००/- (अक्षेरुपी दश करोड दुई लाख पचपन्न हजार चार सय मात्र) बराबरको बोनस शेयर तथा ५.४५ प्रतिशतले हुन आउने रकम रु. १३,६६,४१,६१४/- (अक्षेरुपी तेह्र करोड छैसट्ठी लाख एकचालिस हजार छ सय चौध मात्र) बराबरको नगद लाभांस (कर प्रयोजन सहित) बार्षिक साधारण सभाबाट पारित गरि वितरण गरिने विकास बैंकको मिति २०७५/०९/०८ गते आईतबार अपरान्ह ४:३० बजे बसेको संचालक समितिको २२२ औं बैंठकले निर्णय गरेको ब्यहोरा तहांको जानकारीको अनुरोध गर्दछौं।

सहयोगको लागि धन्यवाद।

भवदीय,

तेज बहादुर ठकुल्ला
कम्पनी सचिव

बोधार्थ :

१. नेपाल धितो पत्र बोर्ड, जावलाखेल, ललितपुर
२. श्री सिडिएस एण्ड क्लियरिङ्ग लि., सिंहदरबारप्लाजा, काठमाण्डौं।

**सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेड सञ्चालक समितिको मिति २०७५/०९/०८ गते आईतबार अपरान्ह ४:३० बजे बसेको २२२ औं बैंठकको निर्याय उतार**

बिषय सुचि नं. १. यस विकास बैंकको मिति २०७५/०९/०४ गते बुधबार बिहान ८:०० बजे बसेको संचालक समितिको २२१ औं बैंठकले आ.ब. ०७४/०७५ को साधारण सभा प्रयोजनको लागि बार्षिक बित्तीय विवरण प्रकाशन गर्न तथा लाभांश वितरणको अन्तिम स्वीकृतीको लागि नेपाल राष्ट्र बैंक समक्ष पेश गरिएकोमा हाल नेपाल राष्ट्र बैंकबाट उक्त बित्तीय विवरणमा केही परिमार्जन गरि अन्तिम स्वीकृती प्रदान गरिएको हुदां उक्त परिमार्जित बित्तीय विवरणका आधारमा यस विकास बैंकको लेखापरीक्षकबाट लेखा परीक्षण भई प्राप्त प्रतिबेदन अनुसार आ.ब. २०७४/७५ को संचालन मुनाफा रु. ४३,४५,९५,७९६/- भएकोमा कर्मचारी बोनश व्यवस्था वापत रु. ३,९५,०८,७०९/-, आयकर व्यवस्था वापत रु. १२,८७,११,११०/- तथा स्थगन कर खर्च वापत रु. ९२,७४,४११/- समायोजन पछि हुन आएको खुद मुनाफा रु. २७,५६,५०,३८८/- बाट साधारण जगेडा कोषमा २० प्रतिशतले हुने रकम रु. ५,५१,३०,०७८/- सारी तथा अन्य आवश्यक समायोजनहरु पश्चात बांकी रहेको रकमबाट चौधौं बार्षिक साधारण सभाको प्रयोजनार्थ विकास बैंकमा कायम हुन आएको २,५०,६३,८५०/- कित्ता शेयरका शेयरधनीहरुलाई ४ प्रतिशत बोनश शेयर वापत हुन आउने रु. १०,०२,५५,४००/- तथा ५.४५ प्रतिशत नगद लाभांस वापत हुन आउने रु. १३,६६,४१,६१४/- गरि जम्मा ९.४५ प्रतिशतले हुने रकम रु. २३,६८,९७,०१४/- (अक्षेरुपी तेइस करोड अठसट्टी लाख सन्तानब्बे हजार चौध मात्र) बराबरको बोनस शेयर तथा नगद लाभांस (कर प्रयोजन सहित) नेपाल राष्ट्र बैंकबाट परिमार्जन सहित अन्तिम स्वीकती प्रदान भए बमोजिम बार्षिक साधारणसभाबाट पारित गरि उक्त बोनस शेयर तथा नगद लाभांश वितरण गर्ने निर्णय गरियो ।

कम्पनी सचिव
सांग्रिला डेभलपमेन्ट बैंक लि.
मिति : २०७५/०९/०८

Shangri-la Development Bank Ltd. * Kathmandu, Nepal *